


# स्पेन रूससँग पराजित भएको छैन



समूह 'ए' को उपविजेता बनेको आयोजक रूसले आइतबार राति अन्तिम १६ को तेस्रो खेलमा समूह 'बी' को विजेता स्पेनविरुद्ध खेल्दैछ। यी दुईले मस्कोस्थित लुजनीकी नेसनल स्टेडियममा खेल्नेछन्। स्पेन समूह 'बी' को विजेताका रुपमा अन्तिम १६ मा प्रवेश गरेको हो। पछिल्ला १२ महिनाभित्र यी २ राष्ट्रले दोस्रो पटक रुसमा खेल्न लागेका हुन्। पछिल्लो भेटमा स्पेन र रूसले ३-३ गोलको बराबरी खेलेका थिए।

तथ्यांकअनुसार स्पेन अहिलेसम्म रूससँग पराजित भएको छैन। जसलाई स्पेनले आइतबार निरन्तरता दिन्छ वा दिँदैन, आइतबारको खेलपछि नै थाहा हुनेछ। स्पेन सन् २०१६ को युरोकपबाट बाहिरिएको खेलपश्चात् अहिलेसम्म खेलेका सबै म्याचमा अपराजित नै छ। तर पछिल्ला ८ म्याचमध्ये स्पेनले ३ खेलमा मात्र जितको नतिजा निकालेको छ। जसमध्ये अर्जेन्टिनाविरुद्ध निकालेको ६-१ को जित उत्कृष्ट नतिजा हो। जारी विश्वकपको समूह चरणमा पनि स्पेनले १ जित र २ बराबरी खेलेको थियो।

यता समूह 'ए' मा लगातार २ खेल जित्ने क्रममा ८ गोल गरेको आयोजक रूस अन्तिम खेलमा उरुग्वेसँग सहजै ३-० ले पराजित भएको थियो। विश्वकपमा साउदी अरेबियालाई ५-० ले पराजित गर्नुअघि रूसले ७ खेलमा जित देखेको थिएन। जसका कारण रुसलाई इतिहासकै कमजोर टोली भनिए पनि अहिले अन्तिम १६ मा छनोट भएर त्यसलाई गलत सावित गरेको छ। दुईवटा पहेँलो कार्डका कारण स्पेनविरुद्ध हुने खेलमा रुसका इगोर स्मोलनिकोभ देखिने छैनन्।

यसअघि नै इन्ज्युरीका कारण रूसका प्रभावशाली खेलाडी जेगोएभ पनि विश्राममा रहेका छन्। अग्रपंक्तिमा अर्टेम ज्युबाले उनको कमी पूर्ति गर्नेछन् भने एलेक्जेन्डर गोलोभिन, मानुएल फर्नान्डेज र युरी भिर्कोभ पनि स्पेनविरुद्ध तयार देखिएका छन्।

सम्भावित ४-३-३ को स्पेनी रणनीतिविरुद्ध रूसले ४-२-३-१ को रणनीति अपनाउन सक्ने सम्भावना छ। जसअन्तर्गत अट्याकिंग मिडफिल्डर सेम्डोभ, चेरिसेभ, गोलोभिनसहित फरवार्ड अर्टेम ज्युबाको रसियाली आक्रमणलाई स्पेनका गोलरक्षक डेभिड डे गियासहित डिफेन्डर कार्भाजल, पिके, रामोस र अल्बाका लागि टाउको दुखाइ बन्न सक्छ। यता 'टिकीटाका' शैलीमा पोख्त स्पेनका मिडफिल्डर अल्कान्तारा, बुस्केट्स, इनेस्टासहित फरवार्ड इस्को, कोस्टा र सिल्भाको छोटो-छोटो पास र मुभलाई भेल्न रुसी गोलरक्षक इगोर अकिनफिभसहित डिफेन्डर मानुएल, कुटेपोभ, इगनासेभिच र भिर्कोभलाई पक्कै पनि सहज हुने छैन।

रुसी डिफेन्स र अग्रपंक्तिसँग समन्वय गर्न भने डिफेन्सिभ मिडफिल्डरद्वय युरी गजिन्स्की र रोमन जोबनिन मैदानको मध्यभागमा ब्यस्त हुनेछन्। डेनिस चेरिसेभ, अर्टेम ज्युबा र एलेक्जेन्डर गोलोभिनको प्रदर्शनमा रूस बढी निर्भर हुनेछ। यस्तै स्पेनको नतिजा भने डिएगो कोस्टा, डेभिड सिल्भा र इस्कोको प्रदर्शनमा भर पर्नेछ।

### हेड टु हेड

स्पेन र रूसले एकअर्काविरुद्ध कुल ६ म्याच खेलेका छन्। जसमध्ये स्पेनले ४ खेल जित्दा २ खेल बराबरीमा टुंगिएको छ। यस क्रममा स्पेनले १२ गोल गर्दा रूसले ४ गोल मात्र फर्काएको छ। फिफा विश्वकपमा भने यी दुईबीच यसअघि भिडन्त भएको छैन।

Vs



हारपछि निरास बनेका लियोनेल मेसी। २००६ देखि विश्वकपमा खेल्दै आएका मेसीले गत विश्वकपमा अर्जेन्टिनालाई फाइनलसम्म पुऱ्याए। तर यसपटक उनको टोली एक जित मात्रै हात पारेर अन्तिम १६ बाट बाहिरियो।

### आजको खेल

| | | |
|---|---|---|
| रुस | Vs | स्पेन |

**समय** : बेलुकी ७:४५ बजे/ **स्थान** : लुजनीकी स्टेडियम, मस्को

| | | |
|---|---|---|
| क्रोएसिया | Vs | डेनमार्क |

**समय** : राति ११:४५ बजे/ **स्थान** : नीज्नी नोभगोरोड

## विश्वका सुपरस्टार फुटबल खेलाडी

(स्रोत : साधना, पूर्णाङ्क : २, विश्वकप विशेषांक १९९४)

खेलको 'राजा' मानिने फुटबल खेल हरेक पटक आफ्ना नयाँ र ताजा छविका साथ प्रस्तुत हुने गर्दछ। यही कारणले नै फुटबललाई 'सदाबहार खेल' भन्ने गरिन्छ। सर्वाधिक मानिसले चासो राख्ने र विश्वमै सबैभन्दा अधिक संख्यामा खेलाडी भएको यो खेल व्यावसयिकताको एक अत्यन्त उत्कृष्ट उदाहरण हो।

संसारको सबैभन्दा ठूलो खेल भएका कारण, यसका खेलाडीको प्रसिद्धि पनि व्यापक र बेजोडको छ। अर्जेन्टिनाका डिएगो म्याराडोना, इटालीका रोबेर्टो बाजियो, जर्मनीका लोथार म्याथ्यूज, हल्यान्डका रुड गुलिट, ब्राजिलका क्यारेका र क्यामरूनका रोजर मिल्ला आदि यस्ता नाम हुन्, जो आजका महान खेलाडी मानिन्छन्। कुशल फुटबल खेलाडीका रुपमा स्थापित भइसकेका यिनीहरु अहिले लोकप्रियता र प्रसिद्धिको शिखरमा पुगेका छन् र फुटबलकै बलबुतामा अथाह सम्पत्तिसमेत आर्जन गरेका छन्। फुटबल खेलको प्रारम्भ र विकासका निम्ति दक्षिण अमेरिकी राष्ट्रले विशिष्ट योगदान दिएका छन्। त्यसमा पनि ब्राजिल, अर्जेन्टिना र उरूग्वे उल्लेखनीय राष्ट्र हुन्। ब्राजिलका पेले, अर्जेन्टिनाका अल्फ्रेडो द स्टिफेनो र उरुग्वेका सियाफेनोलाई दक्षिण अमेरिकामा मात्र होइन, सारा विश्वले नै गर्वका साथ स्मरण गर्दछ। ब्राजिल एउटा यस्तो मुलुक हो, जसका खेलाडीले हरेक विश्वकपमा रोमान्चक र कलात्मक खेल प्रदर्शन गरेर आफ्नो कौशलताको परिचय दिएका छन्। अहिले पनि रोमारियो, बबेटो र क्यारेकाजस्तो घातक प्रहारसहितको विश्वको सर्वश्रेष्ठ अग्रपंक्ति ब्राजिलसँग नै छ।

यी वर्तमान फुटबलका ताराबाहेक यसअघि पनि कैयौं खेलाडी आफ्ना खेलका कारण प्रसिद्ध बनेका छन्। फ्रान्सका माइकल प्लाटिनी, एलेन जिरेसे, मारियस क्रेसर, जस्ट फोन्टेन र रेमन्ड कोप तत्कालीन पश्चिम जर्मनीका हेरोल्ड शुमाखर (गोलरक्षक), कार्ल हेन्ज रुमेनेगे, बर्टी बोगेट्स, जोनी रेप. सेप मायर (गोलरक्षक), क्लोस फिसर, गर्ड मुलर, फ्रेन्ज बेकनबाउर, हेल्मुट रन आदि त्यस्तै प्रसिद्ध खेलाडी हुन्।

इंग्ल्यान्डका केबिन केगन, बाबी मुर, बबी चार्ल्टन, गोर्डन बैंक्स (गोलरक्षक), जियोफ हर्स्ट, ट्रेवर फ्रान्सिस, स्ट्यानली म्याथ्युज, विल्ली राइट, टम फिन्नी र जिमि ग्रिब्स पनि विश्वप्रसिद्ध खेलाडीको श्रेणीमा पर्दछन्। त्यसै गरी पोल्यान्डको ग्रेगोर्स लाटो बोनी एक, विलिमोस्की लुवान्स्की तथा अस्ट्रियाका ह्यानस क्रेंकल, ब्रनो पिजी र हवर्ट प्रोहास्का पनि नामुद खेलाडी मनिन्छन्। साथै स्पेनका रुबेन कानो र एमनसियो तथा हल्यान्डका जोन क्रूफ, रुडोल्फ क्रोल, पाल ब्रिटनर, जोन निस्केन्स, रेने वान्डर, कर्क होफ र हेरि हान पनि विशिष्ट फुटबल खेलाडीका रुपमा प्रख्यात छन्।

# डेनमार्क क्रोएसियासँग कमजोर

विश्वकपमा 'डार्क हर्स' बाट परिचित बनिरहेको क्रोएसियाले आइतबार अन्तिम १६ मा डेनमार्कको सामना गर्दैछ। निज्नी नोभोगोरोड स्टेडियममा समूह 'सी' को उपविजेता डेनमार्कले समूह 'डी' को विजेता क्रोएसियासँग भिडन्त पक्का गरेको हो। समूह चरणको नतिजा विश्लेषण गर्ने हो भने तुलनात्मकरुपमा डेनमार्कभन्दा क्रोएसिया बलियो देखिन्छ। क्रोएसियाले समूह 'डी' मा अर्जेन्टिना, नाइजेरिया र आइसल्यान्डलाई पराजित गर्ने क्रममा ७ गोल गरेर १ गोल मात्र बेहोरेको छ।

यता डेनमार्कले भने २ बराबरी र १ म्याच जित्ने क्रममा २ गोल गर्दा १ गोल बेहोरेको छ। यी बीचको समानता भनेको दुवै समूह चरणमा नै अपराजित रहेका छन्।

लुका मोड्रिच र इभान पेरिसिचबाहेक आइसल्यान्डविरुद्ध समूहको अन्तिम खेलमा आफ्ना मुख्य खेलाडीलाई आराम दिएकाले डेनमार्कविरुद्ध क्रोएसियाले सशक्त प्रदर्शन गर्ने अनुमान गरिएको छ।

यता २ पहेँलो कार्डका कारण फ्रान्सविरुद्ध नदेखिएका डेनमार्कका युसूफ पौलसन क्रोएसियाविरुद्ध मैदानमा उत्रनेछन्। उनीसँगै टिमको सुरुआती ११ मा लास्से स्कोन र जोर्गेन्सेन पनि मैदानमा उत्रनेछन्।

विश्वकपअघि डेनमार्क पछिल्ला १७ खेलमा अपराजित रहेको थियो। विश्वकपमा फ्रान्ससँग गोलविहीन बराबरी खेलेको डेनमार्कले त्यसअघिका मैत्रीपूर्ण खेलमा चिली र स्वीडेनसँग पनि गोलविहीन बराबरी नै खेलेका थिए। रसिया आउनुअघि भने डेनमार्कले मेक्सिकोलाई २-० ले हराउँदा एरिक पौलसेन र क्रिस्टियन एरिक्सनले १-१ गोल गरेका थिए। यता क्रोएसिया भने पछिल्ला ६ मध्ये ५ खेलमा विजयी बनेको छ। जसमध्ये ४ खेलमा लगातार जित हासिल गरेको छ।

सम्भावित ४-२-३-१ को रणनीतिमा उत्रने डेनमार्कविरुद्ध क्रोएसियाले पनि ४-२-३-१ कै रणनीति अपनाउने सम्भावना रहेको छ। जसअन्तर्गत डेनमार्कको गोलरक्षक कस्पेर स्माइकलसहित डिफेन्डर हेन्रिक, सिमोन, अन्द्रियास र जेनको रक्षापंक्तिको पर्खाललाई क्रोएसियाका अट्याकिंग मिडफिल्डर रेबिच, राकिटिच, पेरिसिच तथा फरवार्ड मारियो मान्डुजिकिचले भत्काउने हरसम्भव प्रयास गर्नेछन्।

क्रोएसियाको अग्रपंक्ति र रक्षापंक्तिलाई सघाउन लुका मोड्रिच र मिलान बाडेल्जको डिफेन्सिभ मिडफिल्ड पनि चुस्त हुनेछ। यता डेनमार्कका फरवार्ड निकोलेइ जोर्गेन्सेन र मिडफिल्डर पौलसेन, एरिक्सन, सिस्टोले पनि क्रोएसियाली गोलरक्षक डेनिजेल सुबासेचसहित डिफेन्डर सिमे, डेजन, डोमागोज र इभानलाई व्यस्त पार्नेछन्। जसलाई डिफेन्सिभ मिडफिल्डर लास्से र डेलानेले सहयोग गर्नेछ।

विशेषत: क्रोएसियाको प्रदर्शन लुका मोड्रिच, राकिटिच र पेरिसिचको प्रदर्शनमा निर्भर हुनेछ। यस्तै डेनमार्कको नतिजा भने क्रिस्टियन एरिक्सन, युसूफ पौलसेन र सिमोन केजाएरको प्रदर्शनमा भर पर्नेछ।

### हेड टु हेड

डेनमार्क र क्रोएसियाले एकअर्काबीच ५ पटक खेलेका छन्। जसमा समान २-२ पटक दुवै टिमले जित हात पार्दा १ खेल बराबरीमा टुंगिएको छ। त्यसक्रममा क्रोएसियाले ७ गोल गर्दा डेनमार्कले ६ गोल फर्काएको छ।

Vs



